# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

२०८२ कात्तिक १४ शुक्रबार | कार्तिक शुक्लपक्ष, दशमी नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Friday 31 October 2025



## सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
## SANIMA MIDDLE TAMOR HYDROPOWER LIMITED

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)

का.म.न.पा. वडा नं. ४, काठमाण्डौं

फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९१

Email: middletamor@sanimahydro.com, Website: www.middletamor.com


## दशौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)
### (कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको मिति २०८२ साल आश्विन २९ गते (तदनुसार अक्टोबर १५, २०२५) बुधबारका दिन कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न दशौं वार्षिक साधारण सभाबाट पारित देहाय बमोजिमका निर्णयहरु जानकारीको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरूको स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थित संख्या ३२५ र कुल बाँडफाँड भएको शेयरको ५३.८७ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपूरक संख्या पुगेको व्यहोरा सभामा जानकारी गराइयो ।

सभामा शेयरधनी महानुभावहरू श्री डमरु बल्लभ घिमिरे, श्री सुदिप श्रेष्ठ, श्री सत्रुघन श्रेष्ठ, श्री इन्द्र प्रसाद लामिछाने, श्री बैजुनाथ प्रसाद रौनियार, श्री चन्द्र नारायण श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री गोविन्द बहादुर के.सी., श्री जगन्नाथ आचार्य, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री राजकाजी रन्जित, श्री दिपक प्रधानद्वारा प्रस्तुत मन्तव्य तथा जिज्ञासाका सम्बन्धमा सभा-अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यू तथा कम्पनीका महाप्रबन्धक सुदिप रोकाज्यूले जवाफ दिई स्पष्ट पार्नु भएको थियो ।

**साधारण सभाबाट भएका निर्णयहरु :**

**निर्णयार्थ दशौं वार्षिक साधारण सभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा सो सम्बन्धी प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

२. कम्पनीको २०८२ साल आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, वार्षिक नाफा नोक्सानको हिसाब, नगद प्रवाहको विवरण एवं तत् सम्बन्धी अनुसूचीहरुका साथै आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन साधारण सभाको विषय सूचीसँगै शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ.व. २०८१/०८२ को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरु पारित गरियो ।

३. कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८२/०८३ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था P.L. Shrestha & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रु. २,३१,०००/- (अक्षरेपी दुई लाख एकतिस हजार मात्र) पारिश्रमिक तोकि पुनः लेखापरीक्षकमा नियुक्तिको लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८२/०८३ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनीको छैठौं वार्षिक साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालक श्री ब्रज भुषण चौधरीज्यूको कार्यकाल यसै दशौं वार्षिक साधारण सभासम्म रहेको हुनाले आगामी कार्यकालका लागि स्वतन्त्र सञ्चालकको नियुक्तिका सम्बन्धमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम पेश भएका तपसिल बमोजिमका नामहरु मध्ये कम्पनीको व्यवसायिक उद्देश्य, कार्यानुभव, विज्ञता आदिका आधारमा का.म.न.पा. वडा नं. ३१, काठमाण्डौं बस्ने, भूगर्भ शास्त्रमा स्नाताकोत्तर तथा सम्बन्धित विषयमा तीन दशक भन्दा बढिको कार्यअनुभव हासिल गर्नु भएका श्री सुबास चन्द्र सुनुवारज्यूलाई यस कम्पनीको स्वतन्त्र सञ्चालकको पदमा नियुक्तीका लागि संञ्चालक समितिबाट भएको सिफारिस सहितको प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

| क्र.सं. | नाम | योग्यता | अनुभव |
|---|---|---|---|
| १ | श्री सुबास चन्द्र सुनुवार | भूगर्भ शास्त्रमा स्नातकोत्तर | सम्बन्धित क्षेत्रमा ३१ वर्षको कार्य अनुभव |
| २ | श्री आर्यक रन्जन बराल | चार्टर्ड एकाउन्टेन्ट | सम्बन्धित क्षेत्रमा १७ बर्षको कार्य अनुभव |
| ३ | श्री समिर कुमार उपाध्याय | कानून शास्त्रमा स्नातकोत्तर | सम्बन्धित क्षेत्रमा २४ बर्षको कार्य अनुभव |

५. विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website: www.middletamor.com मा हेर्न तथा Download गर्न सकिनेछ ।)**